२० चैत्र २०७५

# प्रेस विज्ञप्ति

नेपाल सरकारले हालसालै वेपत्ता पारिएका ब्यक्तिको छानविन र सत्य निरुपण तथा मेलमिलाप आयोगका पदाधिकारी छनौट सिफारिस समिति सर्वोच्च अदालतका पूर्व-प्रधानन्यायाधिश ओमप्रकाश मिश्रको अध्यक्षमा गठन गरिएको र यही २०७६ बैशाख १ गते देखि आयोगहरु पदाधिकारी विहीन हुने अवस्थाप्रति जवाफदेहीता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ।

शान्ति प्रकृया प्रारम्भ भएको १२ बर्ष वितिसक्दा पनि संक्रमणकालीन न्यायलाई सम्बोधन गर्न राज्य उदासिन देखिनुका साथै सर्वोच्च अदालतले विद्यमान ऐन संशोधन गर्न दिएको आदेश ४ बर्ष वितिसक्दा पनि संशोधन नहनु चिन्ता एवं दुखद् पक्ष हो। ऐन संशोधन नभई पधाधिकारीहरुको नियुक्ति पुनः हुने संभावना देखिएकाले सर्वोच्चको आदेश र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप एवं ब्यापक परामर्शबाट ऐन संशोधन भएपछि मात्र विश्वश्नीय र पारदर्शी ढंगबाट नयाँ पदाधिकारी नियुक्ति सिफारिस प्रकृया अघि बढाईयोस भनी सम्बन्धित पक्षलाई निगरानी समिति बिशेष अनुरोध गर्दछ।

साथै यही २०७६ बैशाख १ गते देखि दुबै आयोग पदाधिकारी विहीन हुदैछ भन्ने कुरा सर्वविधितै छ। यस अवस्थामा मुलुकभरका द्वन्दपीडितहरुले दुबै आयोगमा दर्ता गरेका उजुरीका संबन्धमा सरोकारवालाहरुको चिन्दा एवं चासोका बिषयमात्र नभएर तिनका गोपनीयता र सुरक्षासमेतमा गम्भीर सवाल उठेका छन्। यसअर्थमा आयोगहरुमा नयाँ पदाधिकारीहरुको पदवाहाली नभएसम्म दुबै आयोगमा परेका उजुरीहरुको सुरक्षाका एवं संरक्षण बिशेष ब्यवस्थाबाट राष्ट्रिय मानवअधिकार आयोगको मातहातमा राखियोस भन्ने समेत हामी जोडदार माग गर्दछौं।

अन्त्यमा नेपालले मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धता र संक्रमणकालीन न्यायका आधारभुत सिद्धान्तलाई आत्मासात गर्दै पीडित केन्द्रित भएर थाति रहेको संक्रमणकालीन न्यायलाई यथाशिघ्र र उचित ढंगबाट अघि बढाएर टुङ्गोमा पुऱ्याउन र नेपालको शान्ति प्रक्रियालाई पुरा गर्न राज्य समक्ष निगरानी समिति पुनःअपिल गर्दछ।

जवफदेहीता निगरानी समितिका तर्फबाट

चरण प्रसाँई
संयोजक